# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक कैलाली जिल्लाका कक्षामा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन रहेको छ । भाषा भनेको वर्णदेखि वाक्यसम्मका एकाइहरूको एकीकृत स्वरूप हो । भाषा व्यवस्थाको पनि व्यवस्था हो । भाषाका एकाइहरू एक पनि अर्को व्यवस्थित रूपमा रहेको हुन्छन् । शब्द शब्दको योगबाट पदावली, पदावली- पदावलीको योगबाट उपवाक्य, उपवाक्य-उपवाक्यको योगबाट वाक्य र वाक्य-वाक्यको सिङ्गो अभिव्यक्तियुक्त सङ्कथन बनेको हुन्छ । शब्द भाषाको आधारभूत एकाइ हो (पौडेल, २०६६) । यसमा स्वतन्त्र अर्थ प्रतिवादन गर्न सक्ने सामर्थ्य रहेको हुन्छ ।

शब्द भाषाको मेरुदण्ड हो जसको आधारमा अर्थयुक्त भाषा बन्दछ । अर्थयुक्त शब्द बिना माथिल्ला भाषिक एकाइ नबन्ने भएकाले शब्द भाषाको प्राण हो । यसले लक्षित व्यक्ति, वस्तु, ठाउँ, अवस्था, घटना, कार्यव्यापार, विचार, भावना, कल्पना लौकिक, अलौकिक चिज वस्तुलाई भाषाका माध्यमबाट बोध गराउँछ । कुनै पनि भाषाको शब्दभण्डार जीवन पयत्न निरन्तर सिकिरहने प्रक्रिया हो (अधिकारी, २०५५) । यसको क्षेत्र असीमित हुन्छ । मानिसको ज्ञान र अनुभव जति जति वृद्धि हुँदै जान्छ । त्यतिनै व्यक्तिमा शब्दभण्डार क्षमताको विकास हुँदै जान्छ ।

कुनै पनि भाषालाई स्तरीय र सशक्त बनाउन शब्दभण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपाली भाषालाई समृद्ध बनाउन शब्दभण्डारको महत्त्वपूर्ण भूमिका रहेको छ । जुनभाषामा बढी शब्दभण्डार पाइन्छ र शब्दभण्डारको अध्ययन हुन्छ, उक्त भाषानै बढी समृद्ध मानिन्छ । व्यक्तिले जति धेरै शब्दभण्डार हुन्छ त्यति नै सशक्त र प्रभावकारी रूपमा आफ्नो विचार र धारणा अभिव्यक्त गर्न सक्छ (पौडेल, २०७० : ११५) । तसर्थ बोध अभिव्यक्ति र विचार विनियमका लागि पर्याप्त शब्दभण्डारको ज्ञान हुनुपर्दछ । भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, तथा आर्थिक आयव्ययका क्षेत्रमा पनि शब्दभण्डार बढी भएको भाषानै समृद्ध रहेको हुन्छ । समयको परिर्वन, सूचना र सञ्चार प्रविधिको विकास,

ज्ञानविज्ञानको विकास, मानवीय आवश्यकता परिवर्तनले भाषाको शब्दभण्डार थपिने र लोप हुने प्रक्रिया चलिरहन्छ ।

नेपाली भाषा सरकारी कामकाजको भाषा हो । यस भाषाको लामो इतिहास, समृद्ध साहित्य, व्याकरण निर्माण, शब्दकोशको पर्याप्तता र सर्वाधिक वक्ता रहेका छन् (भुसाल, २०७५ : ४२) । उक्त पक्षलाई मध्येनजर गर्दै वर्तमान समयमा कैलाली जिल्लाका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता के-कस्तो छ भनि अध्ययनको शीर्षक चयन गरिएको छ । यस अध्ययनबाट उक्त जिल्लाका विद्यार्थी शब्दभण्डार क्षमताको अवस्था, शब्दको अवस्था र पाठ्यक्रम र पाठ्यपुस्तकको उपयोगिता समेत पत्ता लगाउन सकिएको छ । नेपाली भाषामा शब्दको वर्गीकरण विभिन्न आधारमा गरिएको भएता पनि यस शोधपत्रमा पहिचानात्मक शब्दभण्डार र उत्पादनात्मक शबदभण्डारको लैङ्गिक, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिकाका आधारमा अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

यस अध्ययनमा मूलतः कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमतालाई समस्याको रूप बनाइएको छ । उक्त समस्यालाई मूल रूपमा लिई निम्न समस्यागत प्रश्नहरूको निर्माण गरिएको छ ।

क) कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता कस्तो छ ?

ख) लैङ्गिकताका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीको क्षमता कस्तो छ ?

ग) विद्यालयको प्रकृतिका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार अवस्था कस्तो छ ?

घ) भाषिक पृष्ठभूमिका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार अवस्था कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत समग्र विद्यार्थीको शब्दभण्डार क्षमताको पहिचान गर्नु,

ख) लैङ्गिकताका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन गर्नु,

ग) विद्यालयको प्रकृतिका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन गर्नु ।

घ) भाषिक पृष्ठभूमिका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन गर्नु ।

## १.४ शोधकार्यको औचित्य /उपयोगिता

प्रस्तुत शोधकार्यले कैलाली जिल्लामा रहेका कक्षा छमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमता कस्तो छ थाहा पाई त्यही अनुरूपको शब्दभण्डार उपयोग गरी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न सहयोगी भएको छ । शिक्षकलाई विद्यार्थीहरूको शब्दभण्डार क्षमताको जानकारी लिई आफूले कस्तो खालको शब्द प्रयोग गरी शिक्षण गर्ने ? शब्दभण्डार वृद्धि गर्न केकस्ता क्रियाकलाप र विधि उपयोग गर्ने ? भन्ने बारेमा जानकारी लिन समेत उपयोगी/सहयोगी भएको छ । शिक्षासँग सरोकार राख्ने सरोकार वाला निकायमा जानकारी पुऱ्याउन पनि सहयोगी भएको छ । यसका साथै विद्यालयमा लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिले शब्दभण्डार क्षमतामा कस्तो र कसरी प्रभाव पार्छ भन्ने बारेमा जानकारी लिनेहरूका लागि समेत यो शोधकार्यको उपयोगिता रहेको छ । त्यसैले प्रस्तावित शोधकार्यले भाषिक पाठ्यक्रम पाठ्यपुस्तक निर्माणकर्ता, शोधकार्य तयार गर्ने, पुस्तक लेखक, विद्यार्थी, शिक्षक र शिक्षाप्रेमी र अन्य जिज्ञासु व्यक्तिका लागि उपयोगी भएको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत अध्ययन निम्नलिखित क्षेत्रमा सीमित रहेर सञ्चालन गरिएको छ :

१. प्रस्तुत शोधकार्य कैलाली जिल्ला भनिए तापनि चुहा नगरपालिकाभित्रका विद्यालयहरू रहेको छ ।

२. प्रस्तुत शोधकार्य ५ सरकारी र ५ निजी विद्यालयका विद्यार्थीहरूमा सीमित रहेको छ ।

३. प्रस्तुत शोधकार्य कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिको आधारमा ५०/५० जना पर्ने गरी शब्दभण्डार क्षमताको अध्ययन गरिएको छ ।

४. प्रस्तुत शोधकार्यमा शब्दभण्डार क्षमताको अध्ययन भनिए तापनि पहिचानात्मक र उत्पादनात्मक शबदभण्डार क्षमताको अध्ययन गरिएको छ ।

## १.६ शोधको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ ।

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीको शब्दभण्डार क्षमताको विश्लेषण

अध्याय पाँच : लिङ्गगत आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन

अध्याय छ : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

अध्याय सात : भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यको शीर्षकसँग सम्बन्धित धेरै शोधपत्र र पुस्तक रहे तापनि प्रस्तुत अध्ययनमा अध्येताले निम्न शोधपत्र र पुस्तकहरू समीक्षा गर्ने प्रयास गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

अधिकारी (२०५५) द्वारा *समसामयिक नेपाली व्याकरण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा शब्दवर्ग र तिनका कार्यअन्तर्गत शब्दको बारेमा व्याख्या गरिएको छ । एक वा एकभन्दा बढी अर्थयुक्त भाषिक एकाइ शब्द हो । भाषामा रहेका शब्दहरू स्रोतका आधारमा तत्सम र तद्भव, बनोटका आधारमा मूल र व्युत्पन्न, रूपायनका आधारमा विकारी र अविकारी, अर्थका आधारमा कोशीय र संरचनात्मक छन् भने कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, संयोजक, विस्मयादि र निपात पर्दछन् । भाषाका लागि शब्द आधारभूत एकाइ भएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत पुस्तकले सैद्धान्तिक खण्डमा अर्थका आधारमा शब्दहरूको वर्गीकरण गर्न सहयोग पुऱ्याएको छ ।

ज्ञवाली र भट्टराई (२०५८) द्वारा *अनिवार्य नेपाली* शीर्षकमा प्रकाशन पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त स्वतन्त्र रूपमा प्रयोग हुनसक्ने अर्थयुक्त भाषिक एकाइ लाई शब्द भनिन्छ । शब्दलाई पद पनि भनिन्छ । शब्द वाक्य स्थानिक (वाक्यमा आएर) भएर प्रयोग भएपछि त्यसैले पद भनिन्छ । कुनै पनि भाषाको निश्चित शब्दभण्डार हुन्छ (ज्ञवाली, भट्टराई २०५८: २३) । निश्चित शब्दभण्डारभित्र विभिन्न वर्गका शब्द हुन्छन् । कुनै पनि शब्दको वर्गीकरण शब्द बन्ने तरिका, शब्दका स्रोत, र तिनले गर्ने कार्य वा कोशीय अर्थ साथै व्याकरणिक अर्थका आधारमा वर्गीकरण गरी शब्दवर्ग समानता र भिन्नता हेरी स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरिने कुरा उल्लेख गरेको पाइन्छ । यस पुस्तकले शब्दको परिचय, शब्द वर्गीकरणको आधार पहिल्याउन सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली नेपाली भाषा शिक्षण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको छ । भाषाको आधारभूत अर्थयुक्त एकाइ रूप हो र त्यस्तो एक्लौ वा अन्य रूप सित

मिलेर (रूप, रूप मिलेर) शब्दको निर्माण गरेको हुन्छ । शब्द शब्द मिलेर पदावली, पदावली पदावली मिलेर उपवायक्य उपवाक्य, उपवाक्य मिलेर मिलेर वाक्य र वाक्यवाक्य मिलेर सिङ्गो सङ्कथन बनेको हुन्छ । भाषालाई अर्थयुक्त सन्दर्भयुक्त बनाउन शब्दले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले शब्द भाषाको प्राण हो (पौडेल, २०७०: ११२) । शब्द जति बढी जान्यो । व्यक्तिमा भाषा प्रयोग क्षमता पनि त्यतिकै प्रभाशाली हुन्छ । पर्यायवाची शब्द दिने, अर्थ बताउने, परिभाषा दिने, विपरीतार्थी शब्द दिने, अनेकार्थी शब्द दिने, समावेशी शब्द दिने, वस्तु प्रत्यक्षीकरण गर्ने, अभिनय गर्ने, व्युत्पत्ति गर्ने, व्याख्या गर्ने, शब्द प्रयोग अभ्यास गर्न लगाएर शब्दभण्डार क्षमताको विकास गर्न सकिने कुरा उल्लेख गरिएको पाइन्छ । प्रस्तुत पुस्तकले शोधको अन्त्यमा शब्दभण्डार वृद्धिका उपायको सुझाव दिन सहयोग पुऱ्याएको छ ।

शर्मा र पौडेल (२०६७) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* पुस्तक प्रकाशन गरिएको छ । शब्दार्थ, शब्दभण्डार तथा वाक्य रचना शिक्षण शीर्षकमा शब्दभण्डार शिक्षणको आवश्यकता, प्रयोजन, विशेषता, सीमा, विधिहरू र शब्दभण्डार विकासका आयहरू आदि उल्लेख गरिएको छ । शब्दभण्डारको विकासका लागि पर्यायवाचीकरण, आर्थीकरण, पारिभाषिकरण, विपरीतार्थीकरण, समावेशीकरण, नाटकीकरण आदि विधिको प्रयोग गरी, शब्द, व्युत्पन्न, रूपायन निर्माण, सुनाइ, बोलाइ, पढाइ र लेखाइ, सिपहरूमा जति सक्दो अभ्यास गराउने र शब्दकोशको उपयोग गर्ने बानी बसाउन पोत्साहन गर्ने आदि जस्ता शब्दभण्डार विकासका उपाय उल्लेख गरिएको छ । प्रस्तुत पुस्तकले शोधको अन्त्यमा शब्दभण्डारका लागि शिक्षणको आवश्यकता, प्रयोजन, र विधि पहिल्याउन सहयोग पुऱ्याएको छ ।

भुसाल (२०७१) द्वारा *भाषाविज्ञान* पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको एकाई तिनमा शब्दवर्गमा, शब्दको बारेमा चर्चा गरिएको पाइन्छ । यस एकाइमा स्वतन्त्र प्रयोग हुने न्यूनतम अर्थयुक्त भाषिक एकाइ शब्द हो । विचार विनियमका क्रममा शब्द भाषिक सञ्चारको आधारभूत एकाइ मानिएको छ । शब्दको वर्गीकरण स्रोतका आधारमा, बनोटका आधारमा, रूपायनका आधारमा, कार्यका आधारमा र अर्थतात्त्विक आधारमा गरिएको कुरा उल्लेख गरिएको पाइन्छ । प्रस्तुत पुस्तकले सैद्धान्तिक खण्डमा शब्दको परिचय सहित वर्गीकरणमा सहयोग पुऱ्याएको छ ।

शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा शब्दभण्डार र शब्द वर्गीकरण शीर्षकमा शब्दभण्डार परिचय र शब्दवर्गको वर्गीकरणबारे व्याख्या गरिएको छ । कुनै पनि भाषामा पाइने र प्रयुक्त हुने यावत् शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । प्रत्येक भाषाका आफ्नै शब्दभण्डार हुन्छन् (शर्मा, २०७१ : १०७) । शब्दहरूको वर्गीकरणले भाषाको शब्दभण्डार र त्यसको प्रयोगलाई व्यवस्थित तुल्याउने कुरा उल्लेख  गरेको छ । शब्दको वर्गीकरण गर्ने विभिन्न आधार छन् । स्रोतको आधारमा व्युत्पत्तिको आधारमा, रचनाको आधारमा, कार्य र अर्थका आधारमा  गरी पाँच आधारमा वर्गीकरण गर्न सकिन्छ । प्रस्तुत पुस्तकले सैद्धान्तिक खण्डमा शब्दहरूको वर्गीकरणका आधारमा हेर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

भुसाल (२०६७) द्वारा 'कक्षा छ मा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन' गरिएको छ । यस अध्ययनमा सार्वजनिक र गुठी द्वारा सञ्चालित विदालयका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययनमा सीमित रहेको छ । यस अध्ययनको प्राप्त उपलब्धिलाई हेर्दा कक्षा छ मा अध्ययनरत समग्र विद्यार्थीको शब्दभण्डार क्षमता त्यति सन्तोषजनक पाइदैन । लैङ्गिक आधारमा हेर्दा छात्राको तुलनामा छात्रको शब्दभण्डार क्षमता सवल रहेको पाइन्छ । भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा बोल्ने विद्यार्थीहरूको तुलनामा नेपाली भाषा पहिलो भाषाका रूपमा बोल्ने विद्यार्थीको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ । यस शोधपत्रको अध्ययनबाट के स्पष्ट हुन्छ भने उपत्यका सार्वजानिक शैक्षिक गुणीद्वारा सञ्चालित विद्यालयका कक्षा  छमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमता सन्तोषजनक छैन भने निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले सार्वजानिक शैक्षिक गुठीद्वारा उपत्यकाका विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमताको जानकारी दिनका साथै पाठ्यपुस्तक निर्माण कर्तालाई पाठ्यपुस्तक निर्माणका लागि सहयोग पुऱ्याएको छ ।

रेग्मी (२०६८) द्वारा 'कक्षा दशको पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दभण्डारको उपयुत्त वा आकलन गर्नु, तिर्ने शब्दलाई पदवर्गगत वर्गीकरण गर्नु, तिनै शब्दहरूलाई स्रोतका आधारमा वर्गीकरण गर्नु,

आदि जस्ता उद्देश्य रहेका छन् । यस शोधकार्यमा निर्दिष्ट पाठका शब्दहरूको सूची बनाउने; पाठ्यपुस्तक र पुस्तकालयको प्रयोग गर्नुका साथै विश्लेषणात्मक विधिको उपयोग गरिएको पाइन्छ । कक्षा दशको नेपाली किताबमा रहेका कविता विधामा प्रयोग भएका शब्दको विश्लेषणात्मक विधिको उपयोग गरिएको पाइन्छ । कक्षा दशको नेपाली किताबमा रहेका कविता विधामा प्रयोग भएका शब्दको विश्लेषण, पाठ्यपुस्तकमा प्रयुक्त तिन कवितामा रहेका शब्दभण्डारको विश्लेषण स्रोत र पदवर्गका आधारमा गरिएको कुरा प्रस्तुत गरिएको छ । यस शोधपत्रको समीक्षाले प्रस्तुत शोधपत्र तयारीका लागि प्रश्नपत्र निर्माण गर्न शब्दहरूको छनोटका प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको छ ।

कुमारी (२०६९) द्वारा 'महोत्तरी जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन' गरिएको छ । यस अध्यनमा महोत्तरी जिल्लाका सामुदायिक विद्यालयका ४० र निजी विद्यालयका ४० जना जम्मा ८० जना विद्यार्थीहरूको लैङ्गिक र विद्यालयको प्रकृतिको आधारमा छनोट गरी उनीहरूबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । विश्लेषणका लागि मध्यमान, मानक विचलन र प्रतिशतको प्रयोग गरिएको छ । उक्त विश्लेषणलाई हेर्दा समग्र विद्यार्थीको समग्र विद्यार्थीको शब्दभण्डार क्षमता सन्तोषजनक नै रहेको निष्कर्ष निकालिएको छ । लैङ्गिक आधारमा छात्र र छात्राको शब्दभण्डार क्षमता हेर्दा तुलनात्मक रूपमा समान रहेको छ । पहिचानात्मक र उत्पादानात्मक शब्दभण्डार क्षमता सन्तोषजनक नभए पनि उत्पादनात्मक शब्दभण्डार क्षमताको प्राप्त उपलब्धि सन्तोषजनक नै रहेको पाइन्छ । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता पनि सन्तोषजनक नै देखिन्छ । पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमता सामुदायिक विद्यालयका विद्यार्थीको भन्दा निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता प्राप्त उपलब्धि बढी देखिन्छ । नेपाली पहिलो र दोस्रो भाषा हुने विद्यार्थीहरू मध्ये नेपाली दोस्रो भाषि हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमता बढी रहेको पाइन्छ । प्रस्तुत शोधपत्रको समीक्षाले भाषिक पृष्ठभूमि, लिङ्गगत, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल (२०६९) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीको नेपाली शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र गरिएको छ । यस शोधपत्रमा कक्षा छ पुरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमता मापन गर्न १० सामुदायिक र संस्थागत विद्यालयका जम्मा

१०० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । यस शोधकार्यमा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु, विद्यालयको स्वरूपमा आधारमा शब्दभण्डारको तुलना गर्नु, लिङ्गगत आधारमा र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको शब्दभण्डार क्षमताको गर्नु उद्देश्य रहेको पाइन्छ । क्षेत्री अध्ययन विधि अवलम्बन गरिएको यस शोधकार्यमा २५ वटा उत्पादनात्मक र २५ वटा पहिचानात्मक शब्दप्रयोग गरेर प्रश्न निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कलाई मध्यमान मानक विचलन र प्रतिशतमा राखी तथ्याङ्क विश्लेषण गरिएको पाइन्छ । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक भन्दा निजी, लैङ्गिकताका आधारमा छात्रभन्दा छात्रा, भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रो भाषीभन्दा नेपाली पहिलो भाषी हुनेहरूको शब्दभण्डार उच्च रहेको र समग्रमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यले विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्न सहयोग पुऱ्याएको छ ।

राई (२०७०) द्वारा ‘संस्थागत विद्यालयका कक्षा पाँचका विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन’ शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा भोजपुर जिल्लाका पाँचवटा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पत्ता लगाउनु, सामाजिक, आर्थिक लैङ्गिक आदि अवस्थाले नेपाली शब्दभण्डारमा पार्ने प्रभाव र संस्थागत विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता उच्च र निम्न हुनुका कारण पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधकार्यमा क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरी भोजपुर जिल्लाका पाँचवटा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । संस्थागत विद्यालयका छात्रको तुलनामा छात्राहरू सबल रहेका, पहिलो भाषी नेपालीका तुलनामा दोस्रोभाषी विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको र ग्रामीण क्षेत्रका तुलनामा सहरी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार राम्रो रहेको देखिन्छ । समग्रमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यको समीक्षाले प्रस्तुत शोधपत्र लेखनका लागि सामग्री विश्लेषण र निष्कर्ष निकाल्न प्रत्यक्ष वा अप्रत्यवक्ष सहयोग पुऱ्याएको छ ।

सुवेदी (२०७०) द्वारा ‘कक्षा छको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन’ शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्र तयार पार्न कक्षा छ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारको अध्ययन गर्नु, पयुक्त शब्दहरूको स्रोत पत्ता लगाउनु, शब्दहरूको वर्गीकरण पत्ता लगाउनु, शब्दको आवृत्ति, गणना, गर्नु, समाविष्ट

शब्दको अनुवाद पत्ता लगाउनु नै उद्देश्य रहेको पाइन्छ । यस शोधपत्रमा पुस्तकालयीय र विश्लेषणात्मक विधिको प्रयोग गरिएको पाइन्छ । यस शोधपत्रमा कक्षा छ को नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा कुल १०९५ शब्द प्रयोग भएका छन् जसमा तत्सम तद्भव र आगन्तुक शब्दको संख्या घट्दो क्रममा रहेका छन् भने नाम र विशेषण शब्दहरूको प्रयोग बढी रहेको पाइन्छ । आवृत्तिका तुलनामा अनावृत्ति भएका शब्दहरूको सङ्ख्या बढी रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले पहिचानात्मक शब्दभण्डार क्षमताको अध्ययनमा प्रश्नावली निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

श्रेष्ठ (२०७२) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । काभ्रे जिल्लामा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिको आधारमा शब्दभण्डार क्षमताको तुलना गरी अध्ययन गर्नुका साथै शब्दभण्डार विकास गर्ने उपाय पहिल्याउन यस शोधपत्रको उद्देश्य केन्द्रित रहेको छ । क्षेत्रीय अध्ययन नमुना छनोटको आधारमा सामुदायिक विद्यालयको ४० संस्थागत विद्यालयका ४० गरी जम्मा ८० जना विद्यार्थीहरूमा सीमित रही सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । यस शोधकार्यको प्राप्त उपलब्धिलाई हेर्दा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय, छात्र छात्राको शब्दभण्डार क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी पहिलोभाषी विद्यार्थी भन्दा दोस्रोभाषी विद्यार्थीको शब्दभण्डार क्षमता उच्च रहेको पाइन्छ । प्रस्तुत शोधपत्रले विद्यार्थीहरूको विभिन्न आधारमा तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

जोशी (२०७३), द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । दार्चुला जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु, लिङ्गत आधारमा, उमेर र अभिभावको पेसाका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पहिचानात्मक उत्पादनात्मक शब्दभण्डार शब्दभण्डार क्षमताको अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ । क्षेत्रीय अध्ययन विधि प्रयोग गरी दार्चुला जिल्लाका दश सामुदायिक र दश संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरू छनोट गरी लिखित परीक्षा लिइ प्राप्ताङ्कका आधारमा औसत अङ्क र मानक विचलन निकलिएको पाइन्छ । समग्र विद्यार्थीका शब्दभण्डार क्षमता सन्तोषजनक रहेको पाइन्छ । उत्पादनात्मक क्षमता भन्दा पहिचानात्मक क्षमता, छात्राको भन्दा छात्राको प्राप्ताङ्क, उमेरका आधारमा वाह्र वर्ष उमेर समूहका

विद्यार्थीको शब्दभण्डार उच्च रहेको पाइन्छ भने अभिभावकको पेशाले शब्दभण्डार क्षमतामा प्रभाव पारेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन सँगै विद्यार्थीको उमेर र अभिभावकको पेशाले शब्दभण्डारमा पार्ने प्रभावको जानकारी गराउन समेत सहयोग पुऱ्याएको छ ।

न्यौपाने (२०७३), द्वारा 'कक्षा पाँचमा अध्ययनरत धिमाल भाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षमा शोधपत्र तयार पारिएको छ । उक्त पूर्वकार्यमा धिमालभाषी विद्यार्थीहरूको प्रकृति र लैङ्गिकताका आधारमा शब्दभण्डार क्षमताको तुलना गर्नु यस शोधपत्रको उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधि अवलम्बन गरिएको यस शोधमा नमुना छनोटको आधारमा पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० विद्यालयका १०० जना विद्यार्थीहरूमा सीमित रही सामग्री सङ्कलन तथ्याङ्कको विश्लेषण गरिएको छ । यस शोधपत्रमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय, छात्रा भन्दा छात्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक पाइए पनि धिमाल जातिका समग्र विद्यार्थीको शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ । यस शोधकार्यमा विद्यार्थीको प्राप्त तथ्याङ्कको मध्यमान र मानक विचलनलाई आधार बनाएर विश्लेषण गरिएको छ । शब्दभण्डार क्षमताकै अध्ययनमा आधारित प्रस्तावित शोधकार्य पूर्वकार्यसँग निकट र सम्बन्धित भए पनि कक्षा र अध्ययन क्षेत्रका आधारमा भिन्न भएको छ । उक्त पूर्वकार्यबाट सामग्री सङक्लन तथ्याङ्क विश्लेषण र निष्कर्षमा पुग्न केही आधार प्राप्त भएको छ ।

यादव (२०७४) द्वारा 'गोर्खा जिल्लामा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार शीर्षकमा अध्ययन' शोधपत्र तयार गरिएको छ । यस अध्ययनमा गोर्खा जिल्लाका सामुदायिक ४० र संस्थागत विद्यालयका ४० गरी जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइ विद्यालयको प्रकृति, लैङ्गिक, भाषिक पृष्ठभूमिको आधारमा छनोट गरी उनीहरूबाट प्राप्त तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । विश्लेषणका लागि मध्यमान र प्रतिशतको प्रयोग गरिएको छ । उक्त विश्लेषणलाई हेर्दा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको देखिन्छ । विद्यालयको प्रकृतिलाई हेर्दा सामुदायिक विद्यालयको तुलनामा सरचनागत विद्यालयको शब्दभण्डार क्षमता बढी रहे पनि समग्रमा विद्यालय प्रकृतिका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर नै देखिन्छ । लिङ्गगत आधारमा हेर्दा छात्र र छात्राको शब्दभण्डार क्षमता

समान देखिन्छ । त्यसैगरी भाषिक पृष्ठभूमिका दृष्टिले हेर्दा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू भन्दा नेपाली पहिलो भाषा हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । शब्दभण्डार क्षमताको अध्ययन गरिएको उक्त पूर्वकार्य सँग प्रस्तुत शोधकार्य सम्बन्धित भए पनि उक्त पूर्वकार्यको अध्ययनको क्षेत्र र कक्षा भिन्न रहेको छ । यति हुँदा पनि प्रस्तुत शोध कार्यको सैद्धान्तिक अध्ययन र तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने क्रममा सहयोगी भएको छ ।

### २.१.३ पूर्वकार्यको महत्त्व

पूर्वकार्यले आफ्नो शीर्षक चयन र विश्लेषण गर्न सहयोग गरेको छ । पूर्वकार्यको अध्ययनले उपयुक्त विषयवस्तुको छनोट गर्न सकिन्छ । पूर्वकार्यलाई परिमार्जन गर्दै नयाँ अध्ययन अनुसन्धान गर्न सम्बन्धी अध्ययनलाई थप आयाम दिने, उद्देश्यहरू निर्धारण गर्न सहयोग पुऱ्याउने, विधि तथा पद्धतिको पहिचान गर्न, विभिन्न नियम धारणा तथा सिद्धान्तको निर्माण गर्न पूर्वकार्यले सहयोग गरेको छ । जसले गर्दा आफ्नो भन्दा अगाडि भएका पूर्वकार्यको विश्लेषण गर्न र भविष्यका लागि सम्भावित शोधशीर्षकको पहिचान गर्न पूर्वकार्य अति नै महत्त्वपूर्ण मानिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषा विचार विनियमको साधन वा माध्यम हो । भाषा वर्ण देखि वाक्य सम्मका एकाइहरूको एकीकृत रूप हो । सानो अर्थपूर्ण भाषिक एकाइ शब्द हो । कुनै पनि भाषामा रहका शब्दहरूको सङ्गालो अथवा भाषा प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको सङ्ग्रहलाई शब्दभण्डार भनिन्छ (अधिकारी, २०६७ : २) । भाषा प्रयोगमा शब्दको विशिष्ट भूमिका रहन्छ । भाषाको आधारभूत एकाई नै शब्द हो । हरेक भाषालाई बोध र अभिव्यक्त गर्न शब्दको आवश्यकता पर्दछ । शब्दको अभावमा भाषाको परिकल्पना असम्भव छ । यसका अर्थपूर्ण एकाई मध्ये रूपभन्दा माथिल्लो र पदभन्दा तल्लो एकाई नै शब्द हो । जसले भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त र सम्प्रेषणयुक्त बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

अर्थयुक्त शब्दबिना माथिल्ला भाषिक एकाइ नबन्ने भएकाले शब्दभण्डार जुनसुकै भाषा प्राण हो । शब्दको आपसी मेल वा सङ्गतिबाट भाषा बनेको हुन्छ । शब्दको प्रयोग विचार र सङ्केतका आधारमा हुन्छ । तसर्थ  शब्दको प्रयोगगत अर्थ अभिव्यक्तिगत क्रममो स्थान, प्रसङ्ग र शैली आदिका आधारमा फरक फरक हुन्छ (भुसाल, २०७५ : २१३) । जति

धेरै शब्द जान्यो वक्ता त्यति धेरै भाषामा पोख्त बन्दछ । भाषाका विभिन्न शैली र संरचनाको जानकारी भए पनि व्यक्तिमा शब्दभण्डारको कमी छ भने उसले आफ्नो विचार र धारणा उपयुक्त ढङ्गले व्यक्त गर्न सक्दैन, जसले गर्दा भाषिक सम्प्रेषण गर्न सकिदैन । त्यसैले भाषाको आधार एकाइ शब्दभण्डार हो (पौडेल, २०७० : ११२) ।

### २.२.१ **शब्दभण्डारको वर्गीकरणका आधार**

शब्दहरू विभिन्न प्रकृतिका हुन्छन् । शब्दलाई विभिन्न आधारमा वर्गीकरण गरिन्छ । स्रोतका आधारमा मौलिक र आगन्तुक : बनोट/संरचनाका आधारमा मूल र न्यूत्पन्न ! रूपायनका आधारमा विकारी र अविकारी, कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात, अर्थका आधारमा कोशीय शब्द, व्याकरणिक आदि विभिन्न किसिमका शब्दहरू रहेका छन् (शर्मा, २०७१) ।

### I. **स्रोतका आधारमा**

स्रोत भनेको शब्दको उत्पत्ति भएको स्थान हो । भाषामा प्रयुक्त शब्दहरू जुन मूल भाषाबाट आएका हुन त्यसलाई शब्दस्रोत भनिन्छ । नेपाली भाषाका सन्दर्भमा प्रारम्भदेखि आजसम्म विकसित भएर आउँदा यसले विभिन्न स्रोतबाट शब्दहरू लिएर शब्दण्डार समृद्ध बनाउँदै आएको छ । नेपाली भाषामा संस्कृत भाषाका शब्दहरूको सङ्ख्या धेरै छ । संस्कृत बाहेकका अन्य स्रोतबाट पनि नेपाली भाषामा शब्दहरू आएका छन् । जसले गर्दा नेपाली भाषाको शब्दभण्डार विशाल बनेको छ ।

स्रोतका आधारमा शब्दको वर्गीकरण गर्दा भाषाका शब्दलाई मौलिक र आगन्तुक गरी दुई वर्गमा राखिन्छ (शर्मा, २०७१) ।

#### क) **मौलिक शब्द**

संस्कृतबाट जस्ताको तस्तै वा केही रूप फेरिएर नेपाली भाषामा आएका शब्द मौलिक शब्द हुन् । मौलिक शब्दलाई पनि तत्सम र तद्भव गरी दुई प्रकारका हुन्छन् ।

#### अ) तत्सम शब्द

संस्कृतबाट जस्ताको त्यस्तै रूप परिवर्तन नभई आएका शब्दलाई तत्सम शब्द भनिन्छ । नेपाली भाषामा प्रयोग भएका शब्दहरूमा तत्सम शब्दहरू निम्नानुसार छन् :

तत्सम शब्दहरू : अग्नि, पत्र, वंश, हस्त, कर्ण, ज्ञान, माया, राष्ट्र, सुन्दर, समाज आदि ( शर्मा, २०७१ : १०८) ।

आ) **तद्भव शब्द**

संस्कृत भाषाबाट नेपालीमा आउँदा रूप फेरिएर आएका शब्द तद्भव शब्द हुन । सामान्य बोलचालको भाषामा तत्समभन्दा पनि तद्भव शब्दहरूको बढी प्रयोग रहेको पाइन्छ ।

तद्भव शब्द : हात, आगो, पात, नाक, काम, आँसु, रूप, मिठो, दही, एघार (शर्मा, २०७१ : १०८) ।

ख) **आगन्तुक शब्द**

संस्कृत बाहेकका अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक भाषालाई पाहुना वा सापटी शब्द पनि भनिन्छ । नेपाल मै बोलिने विभिन्न राष्ट्रिय भाषाहरू तथा विदेशमा बोलिने विभिन्न भाषाबाट नेपालीमा आएका शब्द आगन्तुक शब्द हुन (भुसाल, २०७५) ।

अ. **स्वदेशी आगन्तुक शब्द**

नेपालभित्रका विभिन्न भाषा भाषिकाबाट नेपाली भाषामा आएका शब्द स्वदेशी आगन्तुक शब्द हुन् । यस्ता शब्द निम्नानुसार छन् (भट्टराई, २०५८ : २३) :

नेवारी : झ्याल, पसल, बुइँगल, कौसी, गुन्द्रक , चाक लाखे आदि ।

मैथिली : पटुवा, पैनी, ढाट, खैनी, गाछी, जन आदि ।

सेर्पाः यती, बख्खु, लामा, च्याङ्ग्रा, डाँफे आदि

मगर : आँसी, आलि, चाउसे, रिडी, पटुका, मादी आदि

गुरुङः घले, घुम, रोदी, डोको, खुर्पा, राडी आदि

तामाङः च्याङवा, डम्फु, सेलो, रक्सी ल्याङ आदि

आ)    **विदेशी आगन्तुक शब्द**

नेपालीमा बोलिने भाषा बाहेकका अन्य विदेशी भाषाबाट नेपाली भाषामा आएका शब्द विदेशी आगन्तुक शब्द हुन् । विदेशी आगन्तुक शब्दहरू नेपाली भाषामा भित्रिने क्रममा कतिपय शब्द सामान्य परिवर्तन हुन्छन भने कतिपय शब्द परिवर्तन नभइ जस्ताको त्यस्तै भित्रिने गर्दछन् । यस्ता शब्दहरू निम्नानुसार छन् (लम्साल र भट्टराई, २०५८ : २४) ।

अरवी : किताब, हिसाब, मुलुक, खराब, जहाज आदि

अङ्ग्रेजी : टेलिफोन, रेडियो, डाक्टर, एक्सरे, स्कुल

ल्याटिन : क्याम्पस, कोटा, बोनस, क्यामेरा आदि

फारसी : सितार, सरदर, बिमार, किनारा, खुराक

हिन्दी : सच्चा, आपस, पहिचान, कमसेकम

चिनिया : चाउमिन, चाउचाउ लिची आदि ।

**II.    बनोटका आधारमा**

नयाँ शब्द बन्ने प्रक्रियालाई नै बनोट भनिन्छ । बनोटलाई निर्माण प्रक्रिया वा व्युत्पादन पनि भनिन्छ । नेपाली भाषामा केही शब्दहरू आफै बनेका, पूर्ण स्वरूपका आर्थात् निर्माण प्रक्रिया देखाउन नमिल्ने किमिसका छन् भने केही शब्दहरू उपसर्ग, प्रत्यय, समास द्वित्व, सन्धि जस्ता प्रक्रियाद्वारा निर्माण प्रक्रिया देखाउन सकिने खालका छन् । यस आधारमा नेपाली भाषाका शब्दलाई मूलत दुई प्रकारमा वर्गीकरण गरिएको छ  (अधिकारी, २०५५) ।

अ)    **मूल शब्द**

अन्य कुनै पनि शब्दबाट नबनी आफै सहज रूपमा निर्मित शब्दलाई मूल शब्द भनिन्छ । अर्को शब्दमा भन्दा आफै बनेका अर्थात पूर्ण स्वरूपका अनि दुई वा सो भन्दा बढी सार्थक टुक्रामा टुक्राउन नसकिने खालका शब्दलाई मूल शब्द भनिन्छ (भुसाल, २०७५) । नेपालीमा उपसर्ग, तथा प्रत्यय नलागेका अनि समास र द्वित्व नबनेका शब्द मूल शब्द अन्तर्गत पर्दछन् । यी शब्दका पनि धातु मूल शब्द र प्रतिपादिक गरी दुई भेद हुन्छन् । क्रियाको आधारभूत तत्त्व वा मूल रूपलाई धातु भनिन्छ । जस्तै : आउ, खेल, सुन, पढ् आदि धातु बाहेकका अरू स्वनिर्मित शब्द प्रतिपादित मूल शब्द हुन । जस्तै : मन, फल, घर, त्यो, तँ, भय, दिन आदि (लम्साल, २०६८ : ९९) ।

### आ) व्युत्पन्न शब्द

शब्द निर्माणका विभिन्न प्रक्रियाबाट बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । एक भन्दा बढी अंश वा टुक्रा मिली बनेका र त्यस्ता अंशलाई वा टुक्रालाई निर्माण प्रक्रिया तथा व्युत्पादन प्रक्रियामा देखाउन सकिने किसिमका शब्दलाई व्युत्पादन शब्द भनिन्छ । यस्ता व्युत्पन्न शब्दका उपसर्ग, प्रत्यय समस्त र द्वित्व शब्द गरी चार भेद रहेका छन् । यस्ता शब्दलाई दुई वा सो भन्दा बढी सार्थक टुक्रामा अलग्याएर देखाउन सकिन्छ (ज्ञवाली र भट्टराई, २०५८ : ३५) ।

जस्तै : उप+हार= उपहार, प्र+हार= प्रहार, घर+ एलु = घरेलु, खाट+इया= खटिया, गाइको + गोठ= गाइगोठा, रोगले गस्त = रोगगस्त, घर+घर = घरघर, ख्याल + ख्याल = ख्यालख्याल आदि ।

## III. रूपायनका आधारमा

शब्दको रूप फेर्ने प्रक्रियालाई रूपायन भनिन्छ । व्याकरणिक कोटिका आधारमा रूप परिवर्तन गरेर शब्द निर्माण गर्ने प्रक्रिया नै रूपायन हो (शर्मा, २०७१) । वाक्यमा प्रयोग योग्य बनाउनका लागि शब्दलाई व्याकरणिक कोटिका आधारमा परिवर्तन गरी नयाँ -नयाँ शब्द निर्माण गर्ने प्रक्रियालाई नै रूपायन भनिन्छ ।

यस आधारमा शब्दहरू दुई वर्गमा विभाजित गर्न सकिन्छ । विकारी र अविकारी नेपाली भाषामा नाम, सर्वनाम, विशेषण, क्रियापद, विकारी शब्दभित्र पर्दछन् भने नामयोगी संयोजक, क्रियाविशेषण, विस्मयादिबोधक, निपात अविकारी शब्दभित्र पर्दछन् (भुसाल, २०७५ : २१६) । अविकारी शब्दवर्गभित्र पर्ने शब्दलाई अव्यय शब्द पनि भनिन्छ ।

### अ) विकारी शब्द

व्याकरणिक कोटि (लिङग, वचन पुरुष, आदर, काल पक्ष, भाव, वाच्य, करण, अकरण आदि ) का आधारमा रूप परिवर्तन हुने शब्दलाई विकारी शब्द भनिन्छ । जस्तै केटो, भाइ, म, हामी, तँ, तिमी, राम्री, खान्छे, खान्छ आदि (शर्मा, २०७१ : ११३) ।

### आ) अविकारी शब्द

व्याकरणिक कोटिका आधारमा रूप परिवर्तन नहुने शब्दलाई अविकारी शब्द भनिन्छ । यसअन्तर्गत नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन् ।

जस्तै सित, तिर, सँग, फटाफट आज, किनकी, अथवा, तापनि, ऐया !, अहा ! त, नि पो आदि (शर्मा, २०७१ : ११३) ।

## IV. कार्यका आधारमा शब्दको वर्गीकरण

वाक्यमा प्रयोग भई शब्दले खेल्ने भूमिकालाई शब्दको कार्य भनिन्छ । शब्द वाक्यमा आइ विभिन्न किसिमको कार्य सम्पादन गर्ने गर्दछ । यसक्रममा कतिपय शब्दले नाम सर्वनाम; विशेषण र क्रियाको काम गर्दछन् भने कतिपयले, नामयोगी, क्रियायोगी, संयोजन, विस्मयादिबोधक र निपातको कार्य गर्दछन् । यसका आधारमा नेपाली शब्द लाई नौ प्रकारमा विभाजन गरिएको छ (लम्साल, २०७१) ।

### अ. नाम

कुनै पनि व्यक्ति वा वस्तु (प्राणी, पदार्थ, ठाउँ, गुण, धर्म) बुझाउने शब्दलाई नाम भनिन्छ । नाम अविकारी शब्द हो । नाम पाँच प्रकारका छन् (ज्ञवाली र भट्टराई, २०५८ : २५) :

- व्यक्तिवाचक : पारस, पृथ्वी मकालु पोखरा तिहार
- जातिवाचक : नदी, भैँसी, पुस्तक, बाटो, चरा, कमल
- समूहवाचकः ताँती, हुल, बगाल, जोर थान काँगियो
- द्रव्यवाचक : पानी, दुध, हावा, दाल, माटो सुन
- भाववाचक : घृणा, माया, यौवन, वीरता धैर्य

### आ. सर्वनाम

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । नाम वा समूहको पुनरुक्ति रोक्न । त्यसको सट्टामा प्रयोगमा आउने शब्दलाई पनि सर्वनाम भनिन्छ । यसमा लिङ्ग भेद हुँदैन । यसको अर्थनिश्चित हुन्छ । सर्वनाम निम्नानुसार रहेका छन् (भुसाल, २०७५ : १६७) :

- पुरुषवाचक सर्वनाम : म, हामी, तिमी, तपाई, उहाँ, आदि
- दर्शक वाचक सर्वनाम : यो, यी, ती, त्यो यहाँ, उहाँ
- सम्बन्धवाचक सर्वनाम : जे, जुन, जे , जो, जुनसुकै

- प्रश्नावाचक सर्वेनाम : के, कुन, कुनै को, केही, कसै , को
- निज/ आत्मवाचाक सर्वनाम : आफू, स्वयम, आफ्नो, आफै
- पारस्परिक सर्वनाम : आ आफू, आपस आपस, आ-आफ्नो

**इ. विशेषण**

नाम वा सर्वनामको गुण दोष, मात्रा, अवस्था आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले नामलाई विशिष्टीकरण , विस्तार वा सीमित गर्ने तथा स्पष्ट पार्ने कार्य गर्दछ । यसलाई कसको, कुन, कस्तो, कत्रो, कति जस्ता प्रश्नको उत्तरमा आउने शब्दवर्ग भनिन्त । यसका प्रकार निम्न छन् (ज्ञवाली र भट्टराई, २०५८ : २७) :

- गुणवाचक विशेषण : असल, अग्लो धनी, नेपाली पिरो मिठो, पुरानो, सेतो आदि ।
- परिणामवाचक विशेषण : धेरै, ज्यादै, थारै, कम, अलिकति, पुरा आधार आदि ।
- संख्यावाचक विशेषण : पहिलो, एक, दोब्बर, प्रत्येक चारगुणा आदि ।
- सर्वनामिक विशेषण : त्यो, यो जे, जुन, जस्तो, अर्को सबै व्यक्ति केही आदि ।

**ई. क्रिया**

कर्ताले गरेको कार्यव्यापार बुझाई वाक्यलाई टुङ्ग्याउन सक्ने पदलाई क्रियापद भनिन्छ । अर्को शब्दमा भन्दा घटना कार्यव्यापार प्रक्रिया वा अवस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ (ज्ञवाली र भट्टराई, २०५८) । क्रिया वाक्यको महत्त्वपूर्ण घटक हो । यसको अभावमा वाक्यले पूर्णता पाउन सक्दैन । क्रिया लिङ्ग, वचन, पुरुष आदिको आधारमा प्रयोग हुन्छ । क्रियाका प्रकार निम्नानुसार छन् (शर्मा, २०७१ : ११७) :

- समापनका आधारमा : समापक क्रिया र असमापक क्रिया
- अर्थ प्रधानताका आधारमा : मुख्य र साहेक क्रिया
- पूर्णताका आधारमा : सरल क्रिया र जटिल क्रिया

**उ. क्रियायोगी/क्रियाविशेषण**

क्रिया पदको स्थान, समय, रीति, परिणाम, कारण आदि विशेषताा बुझाउने अव्यय पदलाई क्रियायोगी वा क्रिया विशेषण भनिन्छ । यिनलाई अविकारी वर्गका शब्द मानिन्छ ।

क्रियायोगी लाई कहाँ, कहिले, कसरी, किन र कति कतिबेला आदि जस्ता प्रश्नका उत्तरमा आउने पद भनिन्छ । क्रिया विशेषण क्रियायोगीका प्रकार निम्नानुसार छन् (भुसाल, २०७५ : १७५) :

- स्थानवाचक क्रिया विशेषण : तल, माथि वर, पर अगाडि, सामु बाहिर, यहाँ, यता
- परिमाणबाचक क्रियाविशेषणा : धेरै, थोरै, निकै, अलिकति, खुब, मनग्य, एकदम, चौपट्टै
- समयवाचक क्रिया विशेषण : सबेरै, उसबेला, आज, सधैँ, बिहान
- रीतिवाचक क्रिया विशेषण : अकस्मात, राम्ररी, बेसरी, चाँडो यसो सुटुक्क, फटाफट, ट्वाल्ल, सरसर्ती
- कारणवाचक विशेषण : भएकाले, हुनाले, रिसले, हेर्दा सुन्न, भन्नाले, गरेकाले
- आवृत्तिवोधक : तीनपल्ट, कहिलेकाहीँ, जहिले पनि, यदाकदा प्रतिहावा, बातैपच्छि आदि ।

**ऊ. नामयोगी**

नामसँग जोडिएर वा सम्बन्धित भएर अर्थलाई प्रभावित पार्ने अव्यय पदलाई नामयोगी भनिन्छ । नामयोगीको आफ्नो स्वतन्त्र अर्थ हुँदैन र यी एकल रूपमा प्रयोगमा आउन पनि सक्दैनन । व्याकरणिक कोटिका आधारमा रूपायिन नहुने भएकाले यिनलाई अविकारी वर्गका शब्द भनिन्छ । नामयोगीका प्रकार निम्नानुसार छन् (भुसाल, २०७५ : १७४) :

- काल वाचक नामयोगी : अघि, पछि, पटक, पश्चात, बितिकै, पहिले
- स्थानवाचक  नामयोगी : मुनि, सम्म, बाहिर, पारि, सामुन्ने
- कारणवाचक नामयोगी : कारण, खातिर, निम्ति, लागि
- अभाववाचक : बेगर, बाहेक, बिना, शिवा, अलावा
- रीतिवाचक  नामयोगी : बमोजिम, जस्तै, मुताविक; अनुसार आदि ।
- दिशावाचक नामयोगी : छेउछाउ, सामुन्ने पछि, तर्फ तिर

- विनिमयवाचाक नायोगी : सट्टा, ठाउँमा आदि
- सहार्यवाचक नामयोगी : सम्म, मात्र, केवल, मध्ये आदि ।
- विषयवाचक नामयोगी : माथि, उपर, प्रति, बारे आदि ।

ए. **संयोजक**

शब्द, पदावली वाक्यांश वा वाक्यलाई जोड्ने अव्ययपदलाई संयोजक भनिन्छ । यसका सापेक्ष र निरपेक्ष गरी दुई प्रकार छन् जो निम्नानुसार छन् (शर्मा, २०७१ : १२०) :

- सापेक्ष संयोजक : किनभने, किनकी, भनेदेखि, यदि, भने, जब, जता आदि
- निरपेक्ष संयोजक : र, वा, या, समेत, पनि, किन, किन्तु, तर, परन्तु, हुन त, तसर्थ, नत्र, किनभने

ऐ. **विस्मयादिबोधक**

विभिन्न अवस्थामा मानिसका मनमा उब्जने हर्ष, शोक, आश्चर्य, विस्मय आदि मनोभावलाई प्रकट गर्न प्रयोग गरिने अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ । विस्मयादिबोधक को प्रयोग गर्दा अनिवार्य रूपमा विस्मयादिबोधक चिह्न (!) को प्रयोग गर्नुपर्ने हुन्छ । विस्मयादिबोधकका प्रकार निम्नानुसार छन् (भुसाल, २०७५ : १७८) :

- हर्षवाचक : अहो ! धन्य ! अम्मै ! अहा ! जय ! आदि
- शोकवाचक : हाय ! कठै ! च्चा : च्च ! राम राम ! वीचरा ! आदि
- आश्चर्यवाचक : ओहो ! आम्मै ! आप्पै ! आदि
- घृणावाचकः छि ! छया ! थुक्क ! घिक्कार ! आदि
- भयवाचक : आबुइ ! अरे ! बाप रे बाप ! आदि
- सम्बोधनवाचक : ऐ ! हे ! अरे ! ओइ ! आदि ।
- उपहासवाचक : हा-हा ! हि- हि ! उस् ! आदि ।
- अभिवादन वाचक : नमस्कार ! प्रमाण ! आदि
- पिडाबोधक ! ऐया ! उफ् ! आत्या ! आच्छु ! आदि
- चेतावनीवाचक : खबरदार ! होसियार ! सावधान ! आदि

**V. अर्थका आधारमा शब्दको वर्गीकरण**

अर्थ भाषाको आत्मा हो । अर्थबिना कुनै पनि भाषा सञ्चार सम्भव हुँदैन । त्यसैले अर्थलाई भाषाको मूख्य अंश भनिन्छ । विशेषतः अर्थ भाषाका रूप, शब्द, पद, पदावली, हुँदै सङ्कथन स्तरसम्म विस्तारित हुन्छ । भाषामा निहित कतिपय शब्दको अर्थ शब्दकोशमा पाइन्छ भने कतिपय शब्दको अर्थ व्याकरण निहित हुन्छ । अर्थका आधारमा भाषालाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ (शर्मा, २०७१) ।

अ. **कोशीय शब्द**

शब्दकोशमा समेटिएको शब्दलाई कोशीय शब्द भनिन्छ । कोशीय शब्दको अर्थ जनमानस अर्थात शिक्षित अशिक्षित सबैलाई जानकारी हुन्छ । यस किसिमका शब्दहरू असिमित हुने गर्दछन् । यस अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया क्रियायोगी शब्द पर्दछन् । जस्तैः पुस्तक, घर, असल, समय, पर्दछ, खान्छ, थुचुक्क, ज्यादै जतासुकै आदि ( भुसाल, २०७५ : २१७) ।

आ) **व्याकरणिक शब्द**

वाक्यमा प्रयोग भएपछि सन्दर्भअनुसारको अर्थ दिने शब्दलाई व्याकरणिक शब्द भनिन्छ । यस्ता शब्दले कुनै वस्तु व्यक्ति वा अवस्था जनाउन सक्दैनन् तथापि वाक्यमा यिनको प्रयोग खास खास किसिमको सन्दर्भ, अर्थ र कार्यका लागि हुने गर्दछ (भुसाल, २०७५) । यस अन्तर्गत सर्वनाम सहायक क्रिया, नामयोगी, सोजक विस्मयादिबोधक र निपात पर्दछन् । जस्तैः म हामी, छ, थियो, सित, सँग, र, तर ऐया, आबुइ ! ल क्यारे आदि ।

**२.२.२ शब्दभण्डार शिक्षणको आवश्यकता/प्रयोजन**

भाषामा प्रयुक्त विविध प्रकृतिका शब्दको सन्दर्भ अनुकूल प्रयोग क्षमता विकास गराउनु नै शब्दभण्डारको मूल प्रयोजन हो (भुसाल, २०७५) । विचारलाई अरू समक्ष सम्पेष्य बनाउन शब्दभण्डार शिक्षाको आवश्यकता पर्दछ । भाषिक अभिव्यक्ति क्षमता विकास गराउनु तथा विषयवस्तुलाई प्रस्ट ढङ्गले बोध गर्ने क्षमता विकास गराउनु नै शब्दभण्डार शिक्षणको मूलभूत प्रयोजन हो । शब्दभण्डार क्षमताका प्रयोजन निम्नानुसार रहेका छन् ( पौडेल : २०७०) ।

- विधागत सीप सिकाइमा सहजीकरण गर्नु

- भाषिक बोध तथा अभिव्यक्ति क्षमता विकास गराउनु
- सन्दर्भ अनुरूप भाषा प्रयोग क्षमता विकास गराउनु,
- उपयुक्त शब्द चयन गरी स्पष्ट र तार्किक भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नु,
- लेखाइमा शुद्ध तथा स्तरीय शब्दहरू प्रयोग गर्ने बानीको विकास गराउनु ।

### २.२.३ **शब्दभण्डार शिक्षणका कार्यकलाप**

शब्दभण्डार क्षमताको विकास गराउन अपनाइने शिक्षण कार्यकलापलाई नै शब्दभण्डार शिक्षण कार्यकलाप भनिन्छ (भुसाल २०७५) । शब्दभण्डार शिक्षण कार्यकलाप सञ्चालन गर्दा सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषिक सिप पनि सँगसँगै गर्नु पर्दछ । शब्दभण्डार क्षमताको विकास गराउनका लागि शब्दभण्डार विकास गराउने खालका अभ्यास मात्र गराउनु अवैज्ञानिक शिक्षण मानिन्छ । त्यसका लागि शब्दार्थ, शिक्षण पनि सँगसँगै गर्नु पर्दछ । जसका लागि शब्दको अर्थ परिभाषा, प्रयोग अभ्यास, व्याख्या, वाक्यमा प्रयोग जस्ता कार्यकलाप गराउँदा शब्दभण्डार शिक्षणमा सहज हुन्छ । शब्दभण्डार शिक्षणका कार्यकलाप निम्नानुसार रहेका छन् (भुसाल, २०७५) :

- शब्दलाई प्रयोग सापेक्ष बनाई त्यसको सन्दर्भगत अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने,
- सनुाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीप विकास गर्ने खालका प्रशस्त क्रियाकलाप गराउने,
- विविध विषयसम्बद्ध पाठ्यपुस्तक तथा सन्दर्भपुस्तक पढ्ने बानी विकास गराउने,
- श्रव्य,दृश्य, सामग्रीहरूको प्रयोग गरी सिकारुको सक्रिय सहभागितामा कक्षा कार्यकलाप सञ्चालन गर्ने,
- विविध सृजनात्मक लेखनमा सिकारुलाई प्रवृत्त गराउने,
- पुस्तकालयीय अध्ययन तथा पत्रपत्रिका अध्ययनतर्फ सिकारुलाई प्ररित गर्ने,
- शब्द खोज्ने, सङ्कलन गर्ने तथा तिनीहरूको प्रयोग गर्ने खालका क्रियाकलाप गर्ने एवम शब्दहरूको अन्ताक्षरी प्रतियोगिता सञ्चालन गर्ने,
- विद्यार्थीलाई शब्दकोश प्रयोग गर्न प्रोत्साहन गर्ने

भाषालाई स्तरीय र सशक्त बनाउन शब्दभण्डारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विचार सम्प्रेषण, भावग्रहण र बोधका लागि भाषामा निहित शब्दभण्डारका महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । शब्दभण्डार शिक्षण भाषाको बोध र अभिव्यक्तिसँग सम्बन्धित रहने भएकाले जति धेरै शब्द सुन्ने र अभिव्यक्ति गर्ने अवसर र अभ्यास हुन्छ, त्यति धेरै मात्रामा विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको विकास हुन्छ । भाषाको कुशल रूपमा प्रयोग गरेर भाषाको अभिव्यक्ति सिपलाई प्रभावकारी बनाउन पनि शब्दभण्डारको आवश्यक पर्छ । त्यसैले त शब्दलाई भाषाको मेरुदण्डका रूपमा लिइन्छ । नेपाली भाषामा अन्य भाषाका तुलनामा संस्कृत भाषाका शब्दहरू बढी मात्रामा रहेको पाइन्छ । संस्कृत भाषाका अलावा देश भित्र र बाहिरका विभिन्न भाषाबाट पनि शब्दहरू भित्रिएको पाइन्छ । यसरी नेपाली भाषामा भित्रिएको विभिन्न भाषाका शब्दले नेपाली भाषाको शब्दभण्डार विशाल र समृद्ध बन्दै आएको पाइन्छ ।

# अध्याय तीन

# अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन कैलाली जिल्लाको कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधि अपनाइ विद्यार्थीहरूसँग प्रत्यक्ष भेटेर लिखित प्रश्नोत्तरका आधारमा निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्य सान्दर्भिक रूपमा अगाडि बढाउन निम्न विधि र प्रक्रिया अपनाइएको छ ।

## ३.१ जनसंख्या

कुनै पनि अध्ययनलाई विश्लेषण गर्नमा लागि जनसंख्याको आवश्यकता पर्दछ । प्रस्तुत अध्ययनमा २०७५ सालका कक्षा छमा अध्ययनरत कैलाली जिल्ला स्थित चुहा नगरपालिका भित्रका विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.२ प्रतिनिधि नमुना छनोट

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्ण रूपमा प्रतिनिधित्व गरेको हुन्छ । प्रस्तुत अनुसन्धानमा प्रतिनिधि नमुना छनोट गर्दा कैलाली जिल्लाका पाँच सार्वजनिक र पाँच संस्थागत विद्यालयहरूलाई छनोट गरिएको छ । प्रत्येक विद्यालयमा १०/१० जना गरी जम्मा १०० जना विद्यार्थी छनोट गरिएको छ । यसरी छनोट गर्दा ५० छात्र र ५० छात्रा तथा ५० जना सार्वजनिक विद्यालयका विद्यार्थी र ५० संस्थागत विद्यालयका र ५० नेपाली पहिलोभाषी र ५० नेपाली दोस्रो भाषी विद्यार्थी छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू

प्रस्तुत शोधपत्रका तथ्याङ्क सङ्कलनका स्रोतहरू निम्न रहेका छन् ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोधपत्र कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको लिखित अभिव्यक्ति नै प्राथमिक स्रोतको रूपमा लिइने छ । प्रस्तुत शोधकार्यका लागि तथ्याङ्क सङ्कलन गर्दा कक्षा छ को नेपाली किताबका हरेक वर्गका शब्दहरूको उचित प्रतिनिधित्व हुने गरी प्रश्नहरू निर्माण गरिएको छ । पहिचानात्मक प्रकृतिका (पर्यायवाची; विपरीतार्थी; अनेकार्थी, शब्दार्थ, जोडा मिलाउ) प्रश्नहरू २५ वटा र उत्पादनात्मक प्रकृतिका (वाक्यमा प्रयोग, खाली ठाउँमा भरेर, निबन्ध लेखन) प्रश्न २५ वटा

गरी जम्मा ५० वटा प्रश्नहरू निर्माण गरिएको छ । प्रश्न निर्माणसँग उत्तर कुञ्जिका पनि निर्माण गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्य शीर्षकको प्रकृति अनुसार पूर्वअध्ययन, पाठ्यपुस्तक, लेखनरचना पत्रपत्रिका लगायतका अन्य सामग्रीहरूलाई आधार बनाएर अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण

अनुसन्धानमा उल्लेख गरिएका विधि तथा प्रक्रिया अवलम्बन गर्दै विद्यार्थी बाट प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । विद्यार्थीको प्राप्ताङ्कलाई मध्यमान र मानक विचलनका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनमा कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको पहिचान गर्ने उद्देश्य राखी, लिङ्गका आधारमा छात्रछात्रा, विद्यालयको प्रकृतिका आधारमा र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नुका साथै आएको प्राप्ताङ्कलाई समग्रमा र अलग अलग गरी व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा अति उच्चस्तर, उच्चस्तरमा, मध्यस्तर र निम्नस्तरमा पर्ने विद्यार्थीहरूलाई औसत मानसँग दाँजेर हेरी त्यही आधारमा विश्लेषण गरिएको छ र माथि उल्लेखि विभिन्न आधारमा शब्दभण्डारको अध्ययन गर्दा निम्नानुसारको सूत्र अपनाइएको छ ।

(क) **मध्यमान**

$$\text{Mean } (\overline{X}) = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = औसत प्राप्ताङ्क

$\Sigma X$ = कुल प्राप्ताङ्कको योग

N = नमुना विद्यार्थीको संख्या

(ख) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma X^2 - (\Sigma X)^2/N}{N}}$$

$\Sigma X^2$ = औसत अङ्कको वर्गको कुल योग

$(\Sigma X)^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा विद्यार्थी सङ्ख्या

# अध्याय - चार

## समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

प्रस्तुत शोध अध्ययन कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको व्याख्या तथा विश्लेषणमा केन्द्रित छ । यस शोध अध्ययनका लागि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका पचास पचास जना गरी जम्मा सयजना विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको स्थिति तथा समग्र मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषणको क्रममा तुलनासमेत गरिएको छ । अध्ययनको विश्लेषणका क्रममा तथ्याङ्कको अध्ययन विश्लेषणलाई विभिन्न उपशीर्षकहरू अन्तर्गत उल्लेख गरिएको छ ।

### ४.१ समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता

समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्रमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या -१

समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३ | ३ | १४ | १४ | ४१ | ४१ | ४२ | ४२ |

यस तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३ (३ प्रतिशत) रहेको छ भने २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (१४ प्रतिशत) रहेको छ । त्यस्तै ५१ देखि ७५ सम्मको अङ्क

प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ (४१ प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४२ (४२ प्रतिशत) रहेको छ ।

**स्तम्भचित्र सङ्ख्या -१**

**समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**




यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको शब्दभण्डार क्षमता भएका विद्यार्थीहरू ३ प्रतिशत, मध्यस्तरको क्षमता भएका विद्यार्थीहरू १४ प्रतिशत, उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ४१ प्रतिशत र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ४२ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा निम्न र मध्यमस्तर भएका विद्यार्थी ज्यादै कम (१७ प्रतिशत) र उच्चस्तर अति उच्चस्तर क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या अत्याधिक देखिएकाले विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता

समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका

आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका सङ्ख्या - २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६७.९ | १५.२९ | ३८ | ३८ | ६२ | ६२ |

**स्तम्भचित्र सङ्ख्या - २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्क अनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको शब्दभण्डार क्षमताको प्राप्ताङ्कको समग्र मध्यमान ६७.९ रहेको छ भने मानक विचलन

१५.२९ रहेको छ । समग्र विद्यार्थीहरूका मध्यमानलाई हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३८ (३८ प्रतिशत) र मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६२ (६२ प्रतिशत) रहेको पाइन्छ । यसरी अध्ययन गर्दा मध्यमानभन्दा कम क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या भन्दा मध्यमानभन्दा बढी क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी रहेको पाइन्छ । यस आधारमा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मानक चिचलन १५.२९ रहेको छ । मानक विचलनका दृष्टिले एउटा प्राप्ताङ्कदेखि अर्को प्राप्ताङ्कको दूरी अथवा फैलावट धेरै रहेको देखिन्छ ।

# अध्याय पाँच

## लैङ्गिकताका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५० जना छात्र र ५० जना छात्राहरूको शब्दभण्डार क्षमतालाई तुलनातमक रूपमा प्रस्तुत गरिएको छ । सुरुमा छात्र र छात्राहरूको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा तुलनात्मक अध्ययन विश्लेषण पनि गरिएको छ ।

### ५.१ छात्रहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकमा छात्रहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरिएको छ । छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या - ३

छात्रहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ५ | १० | २१ | ४२ | २४ | ४८ |

प्रस्तुत तालिकाअनुसार तथ्याङ्कलाई अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने शब्दभण्डार क्षमता भएका छात्रहरूको सङ्ख्या ० (० प्रतिशत) रहेका छन् । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेका छन् । त्यसैगरी ५१ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको छ ।

स्तम्भचित्र सङ्ख्या ३

छात्रहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई हेर्दा निम्न स्तरको शब्दभण्डार भएका छात्रहरूको सङ्ख्या ० प्रतिशत, मध्यमस्तरको क्षमता भएका छात्रहरूको सङ्ख्या १० प्रतिशत, उच्चस्तरको क्षमता भएका छात्रहरूको सङ्ख्या ४२ प्रतिशत र अति उच्चस्तरको क्षमता भएका छात्राहरूको सङ्ख्या ४८ प्रतिशत रहेको छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको १८ प्रतिशत र उच्च तथा अति उच्चस्तरको क्षमता भएका छात्रहरू ८४ प्रतिशत अर्थात् अत्याधिक देखिएकाले छात्रहरूको शब्दभण्डार क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.२ छात्राहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकमा छात्राहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरिएको छ । छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

### तालिका सङ्ख्या - ४

### छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ९ | १८ | २० | ४० | १८ | ३६ |

प्रस्तुत तालिकाको तथ्याङ्कअनुसार ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने शब्दभण्डार क्षमतामा भएका छात्राहरूको सङ्ख्या ३ (प्रतिशत) रहेको छ । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ९ (१८ प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ ।

### स्तम्भचित्र सङ्ख्या- ४

### छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई हेर्दा शब्दभण्डार क्षमता भएका छात्राहरूको सङ्ख्या ६ प्रतिशत मध्यस्तरको क्षमता भएका छात्राहरूको सङ्ख्या १८ प्रतिशत, उच्चस्तरको क्षमता भएका छात्राहरूको सङ्ख्या ४० प्रतिशत र अति उच्चस्तर क्षमता भएका छात्राहरूको सङ्ख्या ३६

प्रतिशत रहेको छ । यसरी हेर्दा निम्न र मध्यस्तरको अङ्क प्राप्त गर्ने छात्राहरू २४ प्रतिशत र उच्च तथा अति उच्चस्तरको क्षमता भएका छात्राहरू ७६ प्रतिशत रहेकाले छात्राहरूको शब्दभण्डार क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.३ छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तुलना

प्रस्तुत उपशीर्षकमा छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या - ५

छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| छात्र | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ५ | १० | २१ | ४२ | २४ | ४८ |
| छात्रा | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ९ | १८ | २० | ४० | १८ | ३६ |

प्रस्तुत तालिकाअनुसार ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या ९ (१८ प्रतिशत) रहेको छ । त्यसैगरी ५१ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ र ७६ देखि माथि अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ ।

स्तम्भ चित्र सङ्ख्या - ५

छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा निम्नस्तर शब्दभण्डार क्षमता भएका छात्रहरू ० प्रतिशत रहेका छन्भने छात्राहरू ६ प्रतिशत रहेका छन् । यसरी हेर्दा छात्रहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छ । त्यसैगरी मध्यस्तरको शब्दभण्डार क्षमता भएका छात्रहरू १० प्रतिशत रहेको छ भने छात्राहरू १८ प्रतिशत रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको ८ प्रतिशत बढी रहेको छ । त्यसैगरी उच्चस्तरको क्षमता भएका छात्रहरू ४२ प्रतिशत रहेका छन् भने छात्राहरू ४० प्रतिशत रहेका छन् । यसरी हेर्दा उक्त विद्यार्थीहरूमध्ये छात्रहरूको क्षमता राम्रो रहेको छ । त्यसैगरी अतिउच्च क्षमता भएका छात्रहरू ४८ प्रतिशत र छात्रा ३६ प्रतिशत रहेकाले छात्रहरूको क्षमता छात्राहरूको क्षमता भन्दा उच्च रहेको छ ।

## ५.४ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छः

तालिका सङ्ख्या- ६

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७०.५ | १३.६४ | २२ | ४४ | २८ | ५६ |

**स्तम्भचित्र सङ्ख्या - ६**

**मध्यमान र मानक विचलन आधार छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**




प्रस्तुत तालिकाअनुसार छात्रहरूले शब्दभण्डार क्षमताको मध्यमान ७०.५ रहेको छ भने मानक विचलन १३.६४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्रहरूको शब्दभण्डार क्षमता मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेको छ भने मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २८ (५६ प्रतिशत) रहेको छ । त्यसैले छात्रहरूको शब्दभण्डार क्षमता सन्तोजनक रहेको छ । त्यसैगरी

मानक विचलन १३.६४ रहेको छ । यसरी हेर्दा छात्रहरूको शब्दभण्डार क्षमताको प्राप्ताङ्क बिचको अन्तर अथवा फैलावट बढी रहेको पाइन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकका विद्यार्थीहरूको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । मध्यमान र मानक विचलनका छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या- ७**

**मध्यमान र मानक विचलन आधारमा छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७५.२ | १६.३६ | ३२ | ६४ | १८ | ३६ |

**स्तम्भचित्र सङ्ख्या- ७**

**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**



प्रस्तुत तालिकाको तथ्याङ्कको अध्ययन गर्दा छात्राहरूको शब्दभण्डार क्षमताको मध्यमान ७५.२ रहेको छ । मानक विचलन १६.३६ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ३२ (६४ प्रतिशत) रहेको छ भने मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ । यसरी हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या १४ जना (२८ प्रतिशत) ले बढी रहेकोले छात्राहरूको शब्दभण्डार क्षमता कमै रहेको छ । त्यसैगरी छात्राहरूको मानक विचलन १६.३६ रहेको छ । यसका दृष्टि हो पनि छात्राहरूको शब्दभण्डार क्षमताको प्राप्ताङ्क बिचको अन्तर अथवा फैलाबाट बढी नै रहेको छ ।

## ५.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तुलना

प्रस्तुत उपशीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययनका क्रममा मध्यमान र मानक विचलनका आधारमा तुलना गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या- ८

**मध्यमान र मानक विचनका आधारमा छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको तुलना**

| वि.सं. | मानक | छात्र | छात्रा |
|---|---|---|---|
| | मध्यमान | ७०.५ | ७५.२ |
| १०० | मानक विचलन | १३.६४ | १६.३६ |

प्रस्तुत तालिकाअनुसार १०० जना विद्यार्थी सङ्ख्या रहेकोमा छात्रहरूको शब्दभण्डार क्षमताको मध्यमान ७०.५ रहेको छ भने छात्राहरूको मध्यमान ७५.२ रहेको छ । उक्त छात्र र छात्राहरूको शब्दभण्डार क्षमताको प्रस्तुत तथ्याङ्क आधार मान्दा छात्र भन्दा छात्राहरूको शब्दभण्डार क्षमता ४.७ अङ्कले बढी देखिनुले छात्र भन्दा छात्राहरूको शब्दभण्डार क्षमता उच्च रहेको छ । त्यसै गरी छात्रहरूको मानक विचलन १३.६४ रहेको छ भने छात्राहरूको मानक विचलन १६.३६ रहेको छ । छात्रहरूको तुलनामा छात्राहरूको मानक विचलन २.७२ प्रतिशतले बढी देखिनुले छात्र र छात्राहरूको शब्दभण्डार क्षमता प्राप्ताङ्कको अन्तर अथावा फैलावट खासै अन्तर रहेको छैन ।

# अध्याय छ

# विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

विद्यालयको प्रकृतिका आधारमा पनि विद्यार्थीहरूका शब्दभण्डार क्षमताको तुलना गर्न आवश्यक छ । उक्तः यस शोध अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा सुरुमा विद्यालयका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको छुट्टाछुट्टै अध्ययन गरी त्यसपछि तुलनात्मक अध्ययन समेत गरिएको छ ।

## ६.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता

यस उपशीर्षकका सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरिएको छ । ती विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई प्रतिशतको आधारमा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या - ९

सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | १० | २० | २१ | ४२ | १६ | ३२ |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या (२० प्रतिशत) रहेको छ । त्यसैगरी ५१ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ ।

स्तम्भचित्र सङ्ख्या - ८

सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये निम्नस्तरको शब्दभण्डार क्षमता भएका विद्यार्थीहरू ६ प्रतिशत, मध्यस्तरको क्षमता भएका विद्यार्थीहरूका २० प्रतिशत, उच्चस्तर क्षमता भएका विद्यार्थीहरू ४२ प्रतिशत रहेको छ भने अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ३२ प्रतिशत रहेको छ । यसरी हेर्दा निम्न र मध्यम स्तर (२६ प्रतिशत) क्षमता भएका विद्यार्थीहरूको प्रतिशत कम देखिन्छ भने उच्च स्तर क्षमता भएका विद्यार्थीहरूको प्रतिशत ७४ प्रतिशत रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूका शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरिएको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत निम्नानुसार विश्लेषण गरिएको छ :

## तालिका सङ्ख्या - १०

## संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ४ | ८ | २० | ४० | २६ | ५२ |

प्रस्तुत तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेछ । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ । त्यस्तै २६ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ (५२ प्रतिशत) रहेको छ ।

## स्तम्भचित्र सङ्ख्या - ९

## संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये निम्नस्तरको शब्दभण्डार क्षमता भएका विद्यार्थीहरू ० प्रतिशत, मध्यस्तरको क्षमतान भएका

विद्यार्थीहरूको ८ प्रतिशत, उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत रहेका छन् । यसरी हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूको प्रतिशत कमै (८) रहेको उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरूको प्रतिशत अत्याधिक (९२) रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना

यस उपशीर्षकमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनरत विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूले शब्दभण्डार क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या - ११

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | १० | २० | २१ | ४२ | १६ | ३२ |
| संस्थागत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ४ | ८ | २० | ४० | २६ | ५२ |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूमध्ये ० देखि २५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने शब्दभण्डार क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ । २६ देखि ५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ । त्यस्तै ५१ देखि ७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक

विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको संङ्ख्या २० (४० प्रतिशत) रहेको छ । ७६ देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २६ (५२ प्रतिशत) रहेको छ ।

**स्तम्भभित्र सङ्ख्या १०**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा निम्न स्तरको शब्दभण्डार क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ६ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू (० प्रतिशत) रहेको हुनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रो रहेको मध्यमस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ८ प्रतिशत रहेको छ । यसरी मध्यस्तरको क्षमता तुलना गर्दा संस्थागत विद्यालयको सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा १२ प्रतिशतले बढी भएको देखिन्छ । त्यस्तै गरी उच्चस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ४२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको ४० रहेको देखिन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता अझ राम्रो रहेको छ भने अति उच्चस्तरको शब्दभण्डार क्षमताको तुलना गर्दा

सामुदायिक विद्यालयका विद्यार्थीहरू ३२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ५२ प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीहरूको शब्दभण्डार क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छ ।

## ६.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या- १२

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६२ | १७.५७ | २६ | ५२ | २४ | ४८ |

स्तम्भचित्र सङ्ख्या- ११

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कमा प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमान ६२ रहेको छ । मानक विचलन १७.५७ रहेको छ । मध्यमानकालाई आधार मानेर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता मध्यमानभन्दा कम २६ जना (५२ प्रतिशत) र मध्यमानभन्दा बढी २४ जना (४८ प्रतिशत) रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूले क्षमता मध्यमानभन्दा कम ल्याउने मध्यमानभन्दा बढी ल्याउने २ (४ प्रतिशत) ले बढी रहेकोले सामुदायिक विद्यार्थीहरूको शब्दभण्डार क्षमता त्यति सन्तोषजनक देखिँदैन । त्यस्तैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमताको मानक विचलन १७.५७ रहेको छ । मानक विचलनका दृष्टिले पनि यी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको प्राप्ताङ्कको दुरी वा फैलावट बढी रहेको देखिन्छ ।

## ६.५ मध्यमान र मानक चिलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ। मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या - १३**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७३.४८ | ९.३२ | २२ | ४४ | २८ | ५६ |

**स्तम्भचित्र सङ्ख्या- १२**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**



प्रस्तुत तथ्याङ्कमा प्रतिनिधि नमुनामा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २२ (४४ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २८ (५६ प्रतिशत) रहेको छ । यस दृष्टिले संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मानक विचलन ९.३२ रहेको छ । एक विद्यार्थीको प्राप्ताङ्कदेखि अर्को विद्यार्थी दुरी वा फैलावट कम रहेकाले मानक विचलनका दृष्टिले पनि संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.६ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण पनि गरिएको छ :

तालिका सङ्ख्या - १४

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मानक | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| | मध्यमान | ६२ | ७३.४८ |
| १०० | मानक विचलन | १७.५७ | ९.३२ |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० जना रहेकोमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यम ६२ रहेको छ भने संस्थागत विद्यालयतर्फको मध्यमान ७३.४८ रहेको छ । सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताभन्दा राम्रो रहेको छ ।

# अध्याय सात

# भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता

प्रस्तुत अध्यायमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५० जना नेपाली मातृभाषी र ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन समेत गरिएको छ । सुरुमा विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा छुट्टाछुट्टै अध्ययन गरिसेकपछि अन्त्यमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन पनि गरिएको छ । यस क्रममा उनीहरूको शब्दभण्डार क्षमतालाई विभिन्न उपशीर्षकमा व्याख्या विश्लेषण गरिएको छ ।

## ७.१ नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता

यस उपशीर्षकमा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरिएको छ । नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या- १५

नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६ देखि ५० सम्म | | ५१ देखि ७५सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ४ | ८ | १७ | ३४ | २९ | ५८ |

प्रस्तुत तालिकाको तथ्याङकका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ । त्यसैगरी ५१ देखि ७५ सम्मको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २९ (५८ प्रतिशत) रहेको छ ।

स्तम्भभित्र सङ्ख्या - १३

नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीमध्ये निम्नस्तरको शब्दभण्डार क्षमता भएका विद्यार्थीहरूको ० प्रतिशत मध्यस्तरको क्षमता भएका विद्यार्थीहरू ८ प्रतिशत, उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ३४ प्रतिशत र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ५८ प्रतिशत रहेको छ । यसरी तथ्याङ्कलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता निम्न र मध्यस्तर ज्यादै न्यून (८ प्रतिशत) र उच्च र अतिउच्च स्तर अत्याधिक (९२ प्रतिशत) देखिनुले नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छ।

## ७.२ अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकमा अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरिएको छ । अन्य मातृभाषीमा नेपाली मातृभाषी बाहेक अन्य मातृभाषी विद्यार्थीहरूलाई समेटिएका छ । अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

### तालिका सङ्ख्या- १६

### अन्य मातृभाषी विद्यार्थीहरूका शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ९ | १८ | २४ | ४८ | १४ | २८ |

प्रस्तुत तालिकाको तथ्याङ्क अनुसार शब्दभण्डार क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको देखिन्छ । २६ देखि ५० सम्मको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ (१८ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी ५१ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ ( ४८ प्रतिशत) रहेको देखिन्छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको देखिन्छ ।

### स्तम्भ चित्र सङ्ख्या - १४

### अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क



प्रस्तुत तथ्याङ्कलाई हेर्दा अन्य मातृभाषी विद्यार्थीहरूमध्ये निम्नस्तर भएका विद्यार्थीहरू ६ प्रतिशत, मध्यमस्तर भएका विद्यार्थीहरू १८ प्रतिशत, उच्चस्तरको क्षमता भएका विद्यार्थी ४८ प्रतिशत र अतिउच्चस्तरको क्षमता भएका विद्यार्थीहरूको २८ प्रतिशत रहेका छन् । यसरी हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू २४ प्रतिशत मात्र रहेको छ भने उच्च तथा अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरूका ७६ प्रतिशत रहेकाले अन्य भातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना

प्रस्तुत उपशीर्षकमा नेपाली मातृभाषी  र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या - १७

नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| ने.मातृभाषी | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ४ | ८ | १७ | ३४ | २९ | ५८ |
| वि.सं. | ० देखि २५ सम्म | | २६देखि ५० सम्म | | ५१ देखि ७५सम्म | | ७६ देखि माथि | |
| अ.मातृभाषी | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ९ | १८ | २४ | ४८ | १४ | २८ |

प्रस्तुत तालिकाअनुसार ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ । २६ देखि ५० सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ९

(१८ प्रतिशत) रहेको छ । त्यसैगरी ५१ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको छ भने ७६ देखि माथि अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २९ (५८ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ ।

**स्तम्भचित्र सङ्ख्या - १५**

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको शब्दभण्डार क्षमता भएका नेपाली मातृभाषी विद्यार्थी ० प्रतिशत र अन्य मातृभाषी छ प्रतिशत रहेको हुनाले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ । मध्यम स्तरको क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू ८ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरू १८ प्रतिशत रहेका छन् । यसरी हेर्दा नेपाली मातृभाषीका तुलनामा अन्य मातृभाषी विद्यार्थीको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी उच्चस्तरको क्षमता भएका नेपाली मातृभाषीहरू ३४ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरू ४८ प्रतिशत रहेका छन् । उच्चस्तरका आधारमा हेर्दा नेपाली मातृभाषीका तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता उच्च रहेको देखिन्छ । अति उच्चस्तरको क्षमता भएका

नेपाली मातृभाषी विद्यार्थीहरूको ५८ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरू २८ प्रतिशत रहेका छन् । अति उच्च स्तरका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.४ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता

प्रस्तुत उपशीर्षकमा विद्यार्थीहरूको अध्ययन विश्लेषण मानक विचलनका आधारमा गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या- १८

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको शबदभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७३.४ | ७.०१ | २१ | ४२ | २९ | ५८ |

स्तम्भचित्र सङ्ख्या- १६

मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क




प्रस्तुत स्तम्भ चित्रका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमान ७३.४ रहेको छ। मानक विचलन ७.०१ रहेको छ। मध्यमानलाई आधार मानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमानभन्दा कम २१ (४२ प्रतिशत) र मध्यमानभन्दा बढी २९ (५८ प्रतिशत) रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छ। त्यसैगरी शब्दभण्डार क्षमताको मानक चिचलन ७.०१ रहेको छ। मानक विचलनका दृष्टिले विद्यार्थीहरूको प्राप्ताङ्क बिचको अन्तर वा फैलावट कम रहेकोले विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छ।

## ७.५ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ। मध्यमान र मानक विचलनका आधारमा अन्य

मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई प्रस्तुत गरी विश्लेषण गरिएको छ :

### तालिका सङ्ख्या - १९

### मध्यमान र मानक विचलनको आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क

| वि.सं. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६२.०८ | १५.८३ | २५ | ५० | २५ | ५० |

### स्तम्भ चित्र सङ्ख्या - १७

### मध्यमान र मानक विचलनको आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क



प्रस्तुत स्तम्भअनुसार अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमा ६२.०८ रहेको छ। मानक विचलन १५.८३ रहेको छ। मध्यमानलाई आधार मानेर हेर्दा अन्य मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा कम २५ जना (५० प्रतिशत) र मध्यमानभन्दा बढी २५ जना (५० प्रतिशत) रहेको छ । अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता मध्यमानभन्दा कम र बढी दुवै बराबर रहेको छ। त्यसैगरी मानक विचलन १५.८३ रहेको छ। मानक विचलनका दृष्टिले विद्यार्थीहरूको प्राप्ताङ्क बिचको अन्तर वा फैलावट बढी रहेको छ।

## ७.६ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना

प्रस्तुत उपशीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक अध्ययन गरिएको छ। यहाँ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या - २०**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तथ्याङ्क**

| वि.सं. | मानक | नेपाली मातृभाषी | अन्य मातृभाषी |
|---|---|---|---|
| | मध्यमान | ७३.४ | ६२.०८ |
| १०० | मानक विचलन | ७.०१ | १५.८३ |

प्रस्तुत तालिकाका अनुसार नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको मध्यमान ७३.४ रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमान ६२.०८ रहेको छ। नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता आधार मानेर हेर्दा अन्य मातृभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता ११.३२ अङ्कले बढी रहेकाले अन्य मातृभाषाका तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको पाइन्छ। यस तथ्याङ्कअनुसार मानक विचलनलाई आधार मान्दा नेपाली

मातृभाषी विद्यार्थीहरूको मानक विचलन ७.०१ र अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन १५.८३ रहेको देखिन्छ । यसरी हेर्दा नेपाली मातृभाषीका तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन ८.८२ प्रतिशत बढी देखिएकाले मानक विचलन दृष्टिले नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको अन्तर वा फैलावट कम रहेको छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधकार्य कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यलाई आठवटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षक विभाजन गरिएको छ ।

